**(ण) "वनमाथिको स्वामित्व"** भन्नाले परम्परागत रूपमा संरक्षण, भोगचलन, उपयोग गर्दै आईरहेको वनक्षेत्र माथि त्यस्तो वनक्षेत्रको आसपासमा बसोबास गर्ने स्थानीय समुदाय, आदिवासी जनजाति, महिला, दलित, लगायतका उक्त वनक्षेत्रबाट आश्रित एवं लाभान्वित वनदेखि टाढाका समुदायलाई त्यस्तो वनक्षेत्रको निरन्तर रूपमा संरक्षण, भोगचलन, उपयोग गर्न पाउने गरी प्राप्त हुने त्यस्तो वनक्षेत्र माथिको समुदायको सामुहिक स्वामित्वलाई सम्झनुपर्छ ।

(**त**) **"वन अधिकार"** भन्नाले परिच्छेद ३ मा उल्लेखित वनसम्बन्धी अधिकारलाई सम्झनुपर्छ ।

**(थ) "स्थानीय वन परिषद्"** भन्नाले दफा ४ बमोजिम गठन हुने वन अधिकार संरक्षण स्थानीय वन परिषद्लाई सम्झनु पर्छ ।

**(द) "स्थानीय समुदाय"** भन्नाले वनक्षेत्रसंग सीमाना जोडिएको वनक्षेत्रबाट आश्रित एवं लाभान्वित आदिवासी जनजाति, महिला, दलित लगायतका स्थानीय समुदायमा बसोबास गर्ने सम्पूर्ण समुदायलाई सम्झनु पर्छ ।

**(ध) "अन्य समुदाय"** भन्नाले सामुदायिक वनबाट प्राप्त हनु वन पैदवार आफ्नो घर परिवारको जीविको पार्जनको लागि कुनैन कुनै रुपले सदुपयोग गर्दै आईर हेको, वन पैदवारका लागि त्यस्तो वनक्षेत्रबाट आश्रित एव लाभान्वित भौगोलिक रूपमा वन क्षेत्रदेखि टाढा रहेको घर, परिवारर समुदायलाई सम्झनु पर्दछ ।

**(न) "अधिकारवाला"** भन्नाले यस ऐन बमोजिम वन अधिकार प्राप्त हुनेव्यक्ति, परिवार वा समुदाय समेतलाई सम्झनु पर्छ ।

**(प) "वन क्षेत्र"** भन्नाले निजी स्वामित्वको हक भोगको र प्रचलित कानूनले अन्यथा व्यवस्था गरेको वाहेकको वन सिमाना लगाइएको वा नलगाइएको वनले घेरिएको वा वनभित्र रहेको घाँसे मैदान, नांङ्गो पहाड, हिउंले ढाकेको ,बाटो, पोखरी, तालतलैया, सिमसार, नदी, खोलानाला, बगरले ओगटेको क्षेत्र सम्झनु पर्छ ।

**(फ) "वन पैदावार"** भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको काठ, दाउरा, गोल, खैरकच, खोटो, काठको तेल, बोक्रा,लाहा, सवै खालका रुख, पात, फल, फूल, मौवा, चिराइतो, च्याउँर सबैप्रकारका जङ्गली जडीबूटी, वनस्पती तथा तीनका विभिन्न भाग वा अङ्ग, वा चट्टान, माटो, ढुङ्गा, गिट्टी, बालुवा, वापशुपन्छी, वन्यजन्तु र पशुपन्छी वा वन्यजन्तुको आखेटो पहार सम्झनु पर्छ ।

**(ब) "सामुदायिक वन"** भन्नाले संघिय वन सम्बन्धीत प्रचलित कानुन बमोजिम उपभोक्ता समुहलाई समुदायिक वनको रुपमा हस्ताण्तरण गरिएको वनलाई परम्परागत विधिबाट संरक्षण र व्यवस्थापन गर्दै आएको वन र अन्य समुदायमा आधारित वन समेतलाई सम्झनु पर्छ ।

**(भ) "पारिवारिक निजी वन"** भन्नाले आफ्नो स्वामित्वमा रहेको जग्गामा पारिवारिक तथा निजी स्वामित्वको जग्गामा पारिवारिक तथा निजी तवरले संरक्षण र व्यवस्थापन गर्दै आएको वनलाई सम्झनु पर्छ ।

**(म) "परम्परागत उपभोक्ता"** भन्नाले जीवनयापनको लागि परापूर्वकालदेखि स्थानीय रीतिरिवाज, संस्कृति, मौलिक परम्परा अनुसार आफ्नै मौलिक विधि र प्रकृयाबाट निश्चित वनक्षेत्र उपभोग गर्दैआएका समुदायलाई सम्झनुपर्दछ ।

**(य) "परम्परागत जीवन पद्धति"** भन्नाले परापूर्व कालदेखि मौलिकपरम्परा, पेशा र अभ्यासको आधारमा जीवनयापन गर्ने मौलिक जीवनशैली वा अभ्यासलाई सम्झनु पर्दछ ।

## अनुसुचीहरु १

१ उपभोक्ता समूहको दर्ताका लागि दिइने निवेदन

श्री अध्यक्ष ज्यू
निसिखोला गाउँपालिकाको कार्यालय
देविस्थान बागलुङ

स्थानीय वन ऐन २०७८ मा व्यवस्था भए बमोजिम उपभोक्ता समूहको गठन गरी उक्त उपभोक्ता समूह दर्ता गरी पाउन सोको विधान संलग्न गरी पेश गरेका छौं । उपभोक्ता समूहको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गर्दछौं ।

निवेदक
अध्यक्ष
........उपभोक्ता समिति अध्यक्ष

**अनुसुची २**
**(उपभोक्ता समूह दर्ताको प्रमाण पत्र)**
निसिखोला गाउँपालिकाको कार्यालय
देविस्थान बागलुङ

दर्ता नं.

श्री........... उपभोक्ता समूह
.....................................................

यस यस निसिखोला गाउँपालिकाको मिति ............... को निर्णय अनुसार निसिखोला गाउँपालिकाको वन ऐनले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएकोछ । निसिखोला गाउँपालिकाको वन ऐन २०७८ अनुसार काम काज गर्नहुन ।

उपभोक्ता समूहको विवरण
उपभोक्ता समूहको क्षेत्रफल :
घरधुरी संख्या ,कुल जनसंख्या :
चार किल्लाको विवरण :

प्रमाण पत्र दिने अधिकारी नाम,
दर्ता,
दस्तखत
मिति

यो प्रमाणपत्र हराएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन २०० रुपैया दस्तुर लाग्नेछ ।

**अनुसुची ३**

सामुदायिक वन दर्ताको लागि दिइने निवेदन

श्री अध्यक्ष ज्यू
निसिखोला गाउँपालिकाको कार्यालय
देविस्थान बागलुङ

स्थानीय वन ऐन २०७८ को अधिनमा रही संलग्न वन कार्ययोजना अनुसार सामुदायिक वनको रुपमा संरक्षण सम्बर्द्धन र सदुपयोग गर्न चाहाकोले देहायको वन क्षेत्र यस उपभोक्ता समूहलाई हस्तान्तरण गर्नु हुन यो निबेदन पेश गरेका छौं ।

क. प्रस्तावित सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र ठेगाना
चार किल्ला, पूर्ब :
पश्चिम :
उत्तर :
दक्षिण :
जम्मा क्षेत्रफल :
जैविक विविधता : .

निवेदक
अध्यक्ष
सामुदायिक बन उपभोक्त समिति